# मेची राजमार्गको विकल्पमा जोगमाई खोलामा 'डाइभर्सन'

फिक्कल (इलाम) । मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-९ स्थित इलाम-राजदुवाली सडक खण्ड अवरुद्ध भएपछि विकल्पका रूपमा तिल्केनी-सिमलगोमा यातायात सञ्चालनको तयारी थालिएको छ । सडकखण्ड अन्तर्गत जोगमाई खोलामा 'डाइभर्सन'मार्फत यातायात सञ्चालनको तयारी थालिएको प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले बताए ।

जोगमाई खोलामा आइतवारदेखि नै सडक डिभिजन इलाममार्फत धमाधन डाइभर्सन निर्माण भइरहेको प्रजिअ नेपालले जानकारी दिए । माइजोगमाई गाउँपालिका-४ नामसालिड र इलाम नगरपालिका-१० गोदक जोड्ने जोगमाई खोलामा १० ओटा ह्युम पाइपमार्फत डाइभर्सन निर्माण भइरहेको छ । डाइभर्सन र पहुँच मार्ग निर्माण मंगलवार साँझसम्ममा सम्पन्न गर्ने योजना रहेको सडक डिभिजन कार्यालय इलामका डिभिजन प्रमुख पवन भट्टराईले बताए ।

यही असोज १८ गतेको भारी वर्षापछिको बाढीले यहाँ गत असारमा निर्माण गरिएको बेलिब्रिज बगाएपछि यो सडकमा यातायात अवरुद्ध छ । यस सडकखण्डले इलाम सदरमुकामको तिल्केनीदेखि मेची राजमार्गको गोदक जोड्छ । यहाँबाट मंगलवारदेखि नै साना सवारी सञ्चालन गर्ने तयारी भइरहेको प्रजिअ नेपालले बताए । तत्कालका लागि आइतवार तिल्केनी-बज्रदेवी-नामसालिड-नयाँबजार-फिक्कलको रूटमा साना सवारी सञ्चालनमा ल्याइएको थियो ।

पहिरोका कारण अवरुद्ध मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-९ स्थित इलाम-राजदुवाली सडक खण्ड अवरुद्ध भएपछि विगत १० दिनदेखि झापा, इलाम, पाँचथर र ताप्लेजुङका यात्रु तथा सवारी आवागमनमा समस्या देखिएको छ । 'तिल्केनी-सिमलगोलाई सडकअन्तर्गत जोगमाई खोलामा सडक डिभिजनमार्फत ह्युमपाइप राखेर डाइभर्सन निर्माण आइतवारदेखि नै शुरू गरिएको छ, आजदेखि नै यो सडकमा साना सवारी सञ्चालन गर्ने प्रयासमा छौं,' सडक डिभिजन कार्यालय इलामका डिभिजन प्रमुख भट्टराईले भने ।

ठूला तथा मालवाहक सवारीका लागि भने हालसम्म उपयुक्त वैकल्पिक मार्ग पहिचान गर्न नसकिएको नेपालको भनाइ छ । तीव्र मोड र साँघुरोपनका कारण ठूला सवारीका लागि कठिनाइ हुने अवस्था रहेको उनले बताए । *रासस*

*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**काठमाडौंको असन बजारमा मसला बिक्री हुँदै । तिहार पर्व नजिकिँदै गर्दा अहिले बजारमा तिहारका लागि सामान खरीदबिक्री गर्नेहरूको चहलपहल बढेको छ ।**

# फूलखेतीबाट सन्तुष्ट छन् चितवनका किसान

चितवन । तिहार नजिकिँदै गर्दा सयपत्री फूलको माग बढ्न थालेको छ । विस्तारै माग बढ्दै जाँदा व्यावसायिक रूपमा फूलखेती गर्ने किसानहरूमा उत्साह थपिँदै गएको छ । गोरखाबाट चितवन आएर विगत पाँच वर्षदेखि सयपत्री फूलखेती गर्दै आएका बुधबहादुर गुरुङ अहिले यो पेसाबाट सन्तुष्ट छन् ।

भरतपुर महानगरपालिका-८ गौरीगञ्जमा विगत पाँच वर्षदेखि व्यावसायिक रुपमा यो सयपत्री उत्पादन र बजारीकरण गर्दै आएका छन् । उनले भने, 'मैले पुष्प व्यवसाय गरेको १० वर्ष भयो । अहिले सयपत्री खेती गरेको पाँच वर्ष भयो । राम्रो आम्दानी दिने गरेको छ ।' गौरीगञ्जमा १८ कट्ठा र वरपर गरी एक बिघाभन्दा बढी क्षेत्रफलमा उनले सयपत्री फूलखेती गरेका छन् ।

जग्गा भाडामा लिएर व्यावसायिक रूपमा फूलखेती गर्दा सयपत्रीबाट मात्रै मनग्गे आम्दानी हुने उनको भनाइ छ । उनले भने, 'हरेक सिजनमा चारदेखि पाँच लाख सम्मको आम्दानी सयपत्री फूल बेचेर गरेको छु ।' यो मौसम फूलको राम्रो व्यापार हुने सिजन हो । अन्य समयमा यही बारीमा तिल, मकै जस्ता खेती गर्दै आएको उनले सुनाए । यही व्यवसायबाट परिवार चलाउने गरेको उनले बताए । पुर्खादेखि फूलखेती गर्दै आएकाले आफूले पनि भरतपुर महानगरपालिका- ७ कृष्णपुरमा नर्सरी सञ्चालन गरेर काम गर्दै आएको सुनाउँदै उनले अहिले परिवारका सदस्यबाटै काम गर्दै आएको बताए ।

जिल्लामा अहिले एक सयभन्दा बढी किसानले व्यावसायिक रूपमा सयपत्री फूलखेती गरेका छन् । उनीहरूले जिल्लाको

**चितवनमा अहिले एक सयभन्दा बढी किसानले व्यावसायिक रूपमा सयपत्री फूलखेती गरेका छन् । उनीहरूले जिल्लाको १७ हेक्टर क्षेत्रफलमा फूलखेती गरेको कृषि विकास कार्यालय चितवनकी बागवानी विकास अधिकृत स्वस्तिका चौहानले जानकारी दिइन् ।**

१७ हेक्टर क्षेत्रफलमा फूलखेती गरेको कृषि विकास कार्यालय चितवनकी बागवानी विकास अधिकृत स्वस्तिकका चौहानले जानकारी दिइन् । उनका अनुसार विगत तीन वर्षमा सयपत्री खेती गर्ने किसान र क्षेत्रफल दुवै घटेको छ । आर्थिक वर्ष २०८०/८१ मा २२ हेक्टर क्षेत्रफलमा फूलखेती गरिएकोमा क्रमशः २० हेक्टर हुँदै १७ हेक्टरमा झरेको हो ।

नेपाल फ्लोरिकल्चर एसोसिएसन, चितवनका सचिव सुलभ श्रेष्ठले यस वर्ष बाहिरी जिल्लामा समेत माला पठाउने गरी फूलखेती गरिएकोमा पानीका कारण समस्या भएको बताए । उनका अनुसार विगत तीन दिन परेको पानीका कारण १० बिघा क्षेत्रफलमा लगाइएको सयपत्री फूलको बिरुवा मरेको छ । उनले भने, 'क्षेत्रफल बढाएका थियौं, तर पानीले सोचे जस्तो भएन ।' जिल्लाका लागि आवश्यक माला पुग्ने भए पनि बाहिरी जिल्ला पठाउने माला नहुने भएको उनको भनाइ छ ।

जिल्लामा मात्रै तिहारमा तीन लाखभन्दा बढी माला बिक्री हुने उनले बताए । तिहारका लागि आवश्यक माला बाहिरबाट खरीद गर्नुनपर्ने उनको भनाइ छ । *रासस*

## गत आवमा पर्सामा महिलाको नाममा ३६३ उद्योग दर्ता

वीरगञ्ज (पर्सा) । सरकारले महिला उद्यमीको स्वामित्वमा नयाँ घरेलु तथा साना उद्योग दर्ता गर्दा ३५ प्रतिशत छूट दिने प्रावधानले पर्सामा महिलाको नाममा घरेलु उद्योग दर्ता बढेको छ । घरेलु तथा साना उद्योग कार्यालय वीरगञ्जका अनुसार पछिल्ला वर्षमा महिला उद्यमी सञ्चालक भएर नयाँ उद्योग स्थापना बढ्दै गएको छ ।

घरेलु तथा साना उद्योग कार्यालय वीरगञ्जका प्रमुख उद्योग अधिकृत पवन पञ्जीयारले गत आर्थिक वर्षमा ९६३ ओटा नयाँ उद्योग दर्ता भएकामध्ये महिला उद्यमी सञ्चालक भएको उद्योगको संख्या ३६३ रहेको जानकारी दिए । 'विगतमा यहाँका महिला आफ्नो नाममा उद्योग खोल्न र सञ्चालन गर्न धेरै हिच्किचाउने गर्थे । तर, पछिल्लो समय सरकारले महिला उद्यमीको नाममा घरेलु उद्योग दर्ता गर्दा ३५ प्रतिशत छूट दिइएको र महिला पनि आफै पनि उद्यम गर्नेतर्फ अग्रसर हुँदा उद्योग दर्तामा वृद्धि भइरहेको छ,' उनले भने, 'विगतको तुलनामा अहिले महिला उद्यमी भएर घरेलु तथा साना उद्योग खोल्ने क्रम बढेको छ ।'

कार्यालयका अनुसार गत आवमा ६३५ पुरुष उद्यमीले नयाँ उद्योग दर्ता गरेका छन् । कार्यालयका अनुसार गत आवमा पर्सामा नयाँ दर्ता भएका उद्योगले एक हजार सात सय ३७ जना पुरुषलाई रोजगारी दिइरहेका छन् भने एक हजार एक सय ६१ महिलालाई रोजगारी सृजना गर्ने बताइएको छ । 'एक दशक अघिसम्म महिला उद्यमी सञ्चालक भएर खासै धेरै उद्योग दर्ता हुँदैनथे, सबैजसो पुरुष उद्यमी सञ्चालक भएका नयाँ उद्योग दर्ता गरिन्थ्यो,' पञ्जीयारे भने, 'सरकारले महिला उद्यमी सञ्चालक भएको नयाँ उद्योग दर्ता गर्दा लाग्ने शुल्कमा ३५ प्रतिशत छूट दिने व्यवस्था गरेसँगै अहिले महिला उद्यमी सञ्चालक भएका उद्योग दर्ता हुनेक्रम बढेको छ ।' *रासस*

## बजेट अभावले पुल निर्माण ढिलाइ

कैलाली । कैलालीको टीकापुर नगरपालिका र बर्दियाको गेरुवा गाउँपालिका जोड्ने कर्णाली नदीमा निर्माणाधीन पक्की पुलका लागि बजेटको अभाव देखिएको छ । सुदूरपश्चिम र लुम्बिनी प्रदेशलाई जोड्ने एउटा महत्त्वपूर्ण मानिएको कर्णाली सनकट्टी पुलका लागि प्रयाप्त बजेट विनियोजन नहुँदा निर्माणमा ढिलाइ भएको हो ।

एक अर्ब १८ करोड (भ्याटसहित) ठेक्का सम्झौता भएको पुलको लागि चालू आर्थिक वर्षमा १० करोड बजेट विनियोजन भएको छ । निर्माण कम्पनीले ४५ करोड बजेटको सुनिश्चितता सरकारले गर्न सकेको खण्डमा अर्को वर्षको दसैंसम्म पुल सञ्चालनमा ल्याउन सकिने बताएको छ ।

चालू अर्थिक वर्षमा निर्माण कम्पनीले सरकारले विनियोजन गरेको बजेट भन्दा थप ३५ करोड बढी बजेट माग गरेको छ । पुल निर्माणको जिम्मा पाएको रसुवा कन्स्ट्रक्सनका प्रबन्धक कृष्ण ढुंगेलले बजेटको सुनिश्चितता नभएकै कारण निर्माणको काम सुस्त भएको बताए । उनले बर्सेनि आउने बजेट माग अनुसार नआएकाले काम प्रभावित हुँदै आएको उनको भनाइ छ ।

'यस वर्ष हामीलाई ४५ करोड बजेट भएको भए पुल निर्माण गरेर सञ्चालनमा ल्याउन सकिन्थ्यो,' उनले भने, 'बजेट १० करोड मात्र विनियोजन भएको छ । त्यहीं बजेट अनुसारको काम गर्दा अर्को वर्ष पनि काम सम्पन्न हुँदैन होला ।' उनका अनुसार हालसम्म ६७ प्रतिशत काम सम्पन्न भइसकेको छ । चौध पिल्लरमा १३ पिल्लर निर्माण भइसकेका छन् । बर्दिया क्षेत्रबाट चार पिल्लरको स्ल्याप ढलान भइसकेको छ ।

'अहिलेको आन्दोलनको प्रभाव नपरेपछि एक महीनामा तीनओटा स्ल्याबको काम सम्पन्न गर्ने योजना छ । त्यसैअनुसार जनशक्ति व्यवस्थापन गरिसकेका छौं,' उनले भने, 'बजेटको सुनिश्चितता भए काम गर्नका लागि उपकरण र जनशक्तिको अभाव छैन ।' *रासस*


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, महाराजगंज शाखाको १५ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८२/०६/२८ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल मंसिर महिना ०३ गतेको 'नागरिक' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल वैशाख महिना १९ गतेको 'राजधानी' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा कुनै शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीको नाम र ठेगाना : |
|---|---|
| १. | नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २६९८०२/०७८/०७९ कायम भई मिति २०७८/०५/१३ मा दर्ता भएको काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १० स्थित **आकृषा एग्रो फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि.** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | पिताम्बर खतिवडाको नाती, विचारी खतिवडाको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, गैरी विसौना देउपुर उ.म.न.पा/गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, बुठानिलकण्ठ न.पा. वडा नं. १० बस्ने **अजय खतिवडा** । |
| २. | फणिन्द्र राज उप्रेतीको छोरी, अजय खतिवडाको श्रीमती, काभ्रेपलाञ्चोक जिल्ला, भुम्लुटार उ.म.न.पा./गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १० बस्ने **प्रकृती उप्रेती** । |
| **धितो सुरक्षणको विवरण :** | |
| १. | **आकृषा एग्रो फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि.** को नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, ठिगन गा.वि.स./न.पा. वडा नं. ०७ स्थित नक्सा सिट नं. ७ को कित्ता नं. ५२८, ५२९, ५३०, ५३१, ५३२, ५३४, ५३९, ५४०, ५४१, ५४२, ५४३, ५४४ र ५४५ को क्रमशः २-८-०-०, २-८-३-३, ४-०-०-०, ४-१-३-०, १-३-०-०, ०-८-०-०, ५-०-०-०, ४-०-२-१, ५-०-०-०, ८-६-३-०, १५-११-३-१, ०-५-०-० र १-१५-२-३ (रो.आ.पै.दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| २. | **आकृषा एग्रो फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि.** को नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, ठिगन गा.वि.स./न.पा. वडा नं. ०५ स्थित नक्सा सिट नं. ५ को कित्ता नं. २७६, २७७, २७८ र २७९ को क्रमशः १-०-०-०, १-०-०-१, ०-१२-०-० र ०-१२-१-० (रो.आ.पै.दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ३. | **प्रकृती उप्रेती**को नाममा मालपोत कार्यालय काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला, पुखुलाछी गा.वि.स./न.पा. वडा नं. ०२ स्थित नक्सा सिट नं. १०२०९९६१ को कित्ता नं. १७ को २३५.८४ (व.मि.) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पत्ती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पत्तीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००० मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय महाराजगंजमा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८२ साल कार्तिक महिना ११ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल कार्तिक महिना १३ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पछि ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट मिति २०८२ साल कार्तिक ०२ गते देखि एकीकृत वित्तीय कारोवार शुभारम्भ हुने बारेको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०६/२८)**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त **ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड,** बुटवल, रुपन्देही (राष्ट्रिय स्तर कार्यक्षेत्र भएको) र नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त **समाज लघुवित्त वित्तीय संस्था लिमिटेड,** मलंगवा, सर्लाही, प्रदेश स्तर कार्य क्षेत्र भएको) बीच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा दुवै वित्तीय संस्थाहरुको छुट्टा छुट्टै वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव बमोजिम नेपाल राष्ट्र बैंकबाट मिति २०८२/०६/२३ मा प्राप्त पत्रबाट दुवै संस्था एक आपसमा गाभ्ने गाभिने कार्य गर्न अन्तिम स्वीकृति प्राप्त भएको र नेपाल सरकार कम्पनी रजिष्टारको कार्यालयबाट गाभिने संस्था समाज लघुवित्त वित्तीय संस्था लिमिटेड, मलंगवा, सर्लाहीको मर्जर हुने अधिल्लो दिनसम्मको सम्पूर्ण सम्पत्ति र दायित्व ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडमा मिलान गर्नको लागि मिति २०८२/०६/२६ गते स्वीकृति प्राप्त भएकोले ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने कार्य सम्पन्न गरी **ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको** नामबाट मिति २०८२/०७/०२ गते आइतबार (तदनुसार 19 October, 2025) का दिन देखि एकीकृत कारोवार गरिने व्यहोरा सम्पूर्ण ग्राहक सदस्य, शेयरधनीहरु, नियमनकारी निकाय तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (प्रधान कार्यालय) हाल **ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको** रजिष्टर्ड कार्यालय (प्रधान कार्यालय) रहेको बुटवल उप-महानगरपालिका -१०, रुपन्देहीमा नै रहने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

साथै, दुवै वित्तीय संस्थाको तथ्याङ्कलाई एउटै सफ्टवेयरमा मिलान (Data Migration) गर्नुपर्ने भएकोले मिति २०८२/०७/०१ गतेका दिन दुवै वित्तीय संस्थाको सम्पूर्ण बैंकिङ्ग कारोवार बन्द रहने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । यसबाट ग्राहक सदस्यमा पर्नजाने असुविधाप्रति हामी क्षमा प्रार्थी छौं ।

**पुनश्च :** मिति २०८२/०७/०२ गते आइतबार (तदनुसार 19October, 2025) का दिन देखि एकीकृत कारोवार हुने भएकोले शेयर लगत एकीकरण लगायत पुनः सूचीकरणको कार्य सम्पन्न नभएसम्म अवधिका लागि मिति २०८२/०७/०१ गतेका दिन देखि शेयर कारोवार बन्द रहने व्यहोरा समेत जानकारी गराइन्छ ।

**ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.**
Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
प्रधान कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही
फोन नं. ०७१-४३८९५१, ४३८९५३, ४३७५२९
Website: www.gblbs.com.np
E-mail: info@gblbs.com.np

**समाज लघुवित्त वित्तीय संस्था लिमिटेड**
Samaj Laghubitta Bittiya Sanstha Limited
केन्दीय कार्यालयः मलंगवा -१० सर्लाही
फोन नं. ०४६-५२१७९५
Website: www.samajlaghubitta.com.np
E-mail: info@samajlaghubitta.com.np